प.सं.:- ८३।८४
च.नं.:- २४

मितिः २०८३/०५/०९

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर

**विषयः हकप्रद शेयर निष्कासनको पूर्व-स्वीकृति प्राप्त भएको सम्बन्धमा ।**

महोदय,

प्रस्तुत विषयमा यस अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेडको १४ औं वार्षिक साधारण सभावाट निर्णय गरी १५ प्रतिशत वोनश शेयर वितरण भए पश्चात कायम भएको चुक्ता पूँजी रु.५७,५०,००,०००/- को १:१ अनुपातले हुन आउने ५७,५०,००० (सन्ताउन्न लाख पचास हजार) कित्ता शेयरको १:१ अनुपातले हुन आउने पुँजी रु.५७,५०,००,०००/-वरावरको हकप्रद शेयर निष्कासनको पूर्व स्वीकृतिका लागि श्री विद्युत नियमन आयोग समक्ष निवेदन पेस गरेकोमा ताहाँको मिति २०८३/५/८ च.नं.१४० को पत्र मार्फत केही ससोधन सहित पूर्व-स्वीकृति प्राप्त भएको वेहोरा जानकारीका लागि अनुरोध गर्दछौं । आयोगवाट प्राप्त पत्रको प्रति यसै निवेदन साथ संलग्न छ ।

वोधार्थ :

१. श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, भद्रकाली, काठमाण्डौ ।
२. श्री सिडिएस एण्ड क्लियरीङ लि. पुतलीसडक काठमाण्डौ ।
३. श्री विद्युत नियमन आयोग, सानो गौचर काठमाण्डौ ।
४. श्री कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
५. श्री एनएमवि.क्यापीटल लि. वालुवाटार काठमाण्डौ ।

भवदीय,

निशा के.सी.
प्रबन्ध निर्देशक

# विद्युत नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)


प.सं.:०८३/८४

च.नं.: १४०

मिति:२०८३/५/८

श्री अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड,
अनामनगर, काठमाडौँ
सम्पर्क नं: ९८५११६२१७३

**विषय : हकप्रद शेयर निष्कासनको पूर्व-स्वीकृति प्रदान गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा संखुवासभा जिल्लामा अवस्थित ८.५ मे.वा. क्षमताको अपर हेवाखोला साना जलविद्युत् आयोजनाको लागि विद्युत् उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०७१/७२ वि. उ. १३३) प्राप्त कम्पनी अपर हेवाखोला हाईड्रोपावर कम्पनी लिमिटेडबाट बोनस शेयर वितरण पश्चात कायम भएको चुक्ता पुँजी रु. ५७,५०,००,०००/- को १:१ अनुपातले हुन आउने पुँजी रु. ५७,५०,००,०००/- बराबरको हकप्रद शेयर निष्कासनको पुर्व-स्वीकृतिका लागि मिति २०८३/०१/०९ मा प्राप्त भएको निवेदन सम्बन्धमा आयोगको बैठकमा छलफल हुँदा कम्पनीले हकप्रद शेयर निष्कासनबाट प्राप्त हुने रकम मध्ये रु. ५१,००,००,०००/- सिसुवाखोला जलविद्युत् आयोजनाको निर्माण गर्नका लागि खर्च गर्ने गरी मातृभूमी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी प्रा.लि. को शेयरमा (उक्त कम्पनीको अधिकृत पुँजीको कम्तिमा ५१% हुने) लगानी गर्ने र बाँकी रहेको रु.६,५०,००,०००/- अपर हेवाखोला साना जलविद्युत् आयोजनाको निर्माण गर्दा बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको ऋण घटाउन प्रयोग गर्ने उल्लेख गरेकोमा मिति २०८१/७/११ मा कायम शेयर लगत अनुसार निवेदक कम्पनीको मातृभूमि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी प्रा. लि. मा रु. ५,००,००,०००/-(चुक्ता पुँजीको ६०.६%) बराबरको शेयर स्वामित्व रहेको तर हकप्रद शेयर निष्काशन पश्चात रु.५६,००,००,०००/- नभएर रु. ५१,००,००,०००/- शेयर स्वामित्व रहने उल्लेख भएको हुँदा रु. ४६,००,००,०००/- सिसुवाखोला जलविद्युत् आयोजनाको निर्माण गर्नका लागि खर्च गर्ने गरी मातृभूमी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी प्रा.लि. को शेयरमा लगानी गर्ने र रु. ६,५०,००,०००/- ले Consortium Bank को term loan भुक्तानी *गर्ने* प्रयोजनार्थ कम्पनीलाई हालको चुक्ता पुँजी रु. ५७,५०,००,०००/- को करिब १:०.९१३ अनुपातमा हुन आउने रकम रु. ५२,५०,००,०००/- को ५२,५०,००० कित्ता हकप्रद शेयर निष्काशन गर्नको लागि मात्र तपसिलका शर्त सहित ***विद्युत् सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा ९*** बमोजिम पूर्वस्वीकृति प्रदान गर्ने तथा कम्पनीले हकप्रद शेयरको पूर्व-स्वीकृतिका लागि मिति २०८२/०३/२३ मा रु. ५,५०,०००/- र मिति २०८३/१/१० मा थप रु. ५०,०००/- दाखिला गरेकोमा हालको व्यवस्था बमोजिम सेवा शुल्क रु. ३,५०,०००/- हुन आउने देखिएको हुँदा बढी दाखिला भएको सेवा शुल्क रु. २,५०,०००/- कम्पनीले आगामी दिनमा पेश गर्ने निवेदनहरुमा समायोजन गर्ने निर्णय भएको व्यहोरा आयोगको मिति २०८३/५/२ को ***३१६ औं*** बैठकको निर्णयानुसार अनुरोध छ।


**विद्युत नियमन आयोग**

काठमाडौं, नेपाल

इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np

फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२